# वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क

## २०८०/०८१



बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

**बागवानी विकास केन्द्र**

पाँचखाल, काभ्रेपलाञ्चोक

# वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क

(आ.व. २०८०/८१)

# Annual Report

**(Fiscal Year 2080/81)**

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

## बागवानी विकास केन्द्र

पाँचखाल, काभ्रेपलाञ्चोक

**वार्षिक प्रगति प्रतिवेदन**

आ.व. २०८०/८१

**प्रकाशक**

बागवानी विकास केन्द्र

पाँचखाल, काभ्रेपलाञ्चोक

फोन नं. ०११-४९९०५५

E-mail: scdcpanchkhal@gmail.com

Website: http://hdcpanchkhal.bagamati.gov.np

**प्रकाशन वर्ष**

२०८१, कार्तिक

**प्रकाशन प्रति**

१०० प्रति

**मुद्रण**

हिसी प्रेस, ०१-५४५१ ४४४

ललितपुर

# दुई शब्द

नेपाल कृषि प्रधान देश हो। कृषि क्षेत्रले मात्र नेपालको कुल ग्राहस्थ उत्पादनको ३२ प्रतिशत भाग ओगटेको छ। नेपालीहरूको मुख्य पेशा नै कृषि हो। नेपालमा कृषक परिवार संख्या वढदै गएको छ। कृषिको विकास बिना नेपालको सामाजिक र आर्थिक विकासको कल्पना समेत गर्न सकिदैन। नेपालको भौगोलिक विविधताको कारणले गर्दा यहाँ विभिन्न किसिमको हावापानी पाईन्छ। यस किसिमको हावापानीले गर्दा यहाँको कृषि उत्पादनमा पनि विविधता छ।

काभ्रेपलाञ्चोक जिल्ला देशको राजधानी काठमाण्डौको छिमेकी जिल्लाको रुपमा अवस्थित छ। यस जिल्लामा विभिन्न किसिमका बालीहरुको उत्पादन हुने गर्दछ। यस जिल्लामा उत्पादन हुने बालीहरु मध्ये आलु, मौसमी तथा बेमौसमी तरकारी बालीहरू प्रमुख रुपमा रहेका छन्। ति बाहेक यस जिल्लाको हावापानीको विविधताले गर्दा आँप, लिचि र सुन्तला समेत यहाँ लगाउने गरिन्छ। राजधानी देखि नजिकको जिल्ला भएको कारण उत्पादित कृषि वस्तुहरुले बजार पाउने र छोटो समयमा कृषकहरुले नगद आर्जन गर्न सक्ने भएकाले यहाँका कृषकहरु आलु र तरकारी खेतिप्रति बढी आकर्षित भएको पाईन्छ। यस जिल्लाको सदरमुकाम धुलिखेल देखि १३ कि.मि. मा अवस्थित पाँचखाल उपत्यका कृषिको लागि अति उर्वरभूमि मानिन्छ। यस उपत्यकामा धेरै वर्ष पहिले देखि नै बागवानी फार्मको स्थापना भई यस फार्मले विभिन्न बालीहरुको बीउ र बेर्नाहरुको श्रोत केन्द्रको रुपमा कार्य गर्दै आएको छ। हाल यो फार्म बागमती प्रदेश अन्तरगत सञ्चालित छ। यस केन्द्रले अनुसन्धानबाट प्रमाणित भैसकेका विभिन्न प्रविधिहरुको प्रदर्शन गर्ने र तिनको कृषकस्तरमा प्रचार/प्रसारगर्ने कार्य समेत गर्दछ। यस बाहेक यहाँ आँप र लिचिका बेर्ना उत्पादन गर्ने, मौसम अनुसारका तरकारी बेर्नाका साथै आलुको पूर्वमूलबीउ तथा उन्नत बीउ र धानको बीउ उत्पादन गर्ने कार्य समेत गर्दछ।

फार्मको प्रगति तथा तथ्याङ्कहरु व्यवस्थित रुपमा लिपिबद्ध गरी राख्ने उद्देश्यले हरेक आर्थिक वर्षहरुमा फार्मबाट सञ्चालन भएका क्रियाकलाप एवं गतिविधिहरुको समग्र स्थिति झल्कने गरी वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका फार्मले प्रकाशन गर्दै आएको छ। यसै सिलसिलामा यस आ.व. २०८१/०८२ मा पनि आ.व. २०८०/८१ को विवरण समेटी यो पुस्तिका प्रकाशन गर्न लागिएको हो। यो पुस्तिका प्रकाशन गर्नमा सहयोग पुर्‍याउनु हुने बागवानी विकास अधिकृत उमेश सापकोटा, लेखा अधिकृत सगुन लम्साल, प्राविधिक सहायक कमला तामाङ तथा प्राविधिक सहायक भुवन धमला लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। अन्त्यमा यस पुस्तिकामा समावेस गरिएका तथ्याङ्क र विवरणहरुमा सुधार एवं परिमार्जन गर्नुपर्ने महशुस भए पाठकवर्गहरुमा सुझावको समेत अपेक्षा गर्दछु।

**- बिष्णु बोगटी**
केन्द्र प्रमुख

# विषय-सूची

## खण्ड क : काभ्रेपलाञ्चोक जिल्लाको परिचय


१. जिल्लाको नामाकरण ........ १
२. राजनीतिक अवस्थिति ........ २
३. भौगोलिक अवस्थिति ........ २
४. हावापानी ........ ३
५. भू-उपयोग स्थिति तथा कृषि गणना सम्बन्धी विवरण ........ ४
६. जनसंख्या विवरण ........ ९
७. सिंचाईको स्थिति ........ १३


## खण्ड ख : बागवानी विकास केन्द्रको परिचय


१. केन्द्रको स्थापना ........ १४
२. केन्द्रको भौगोलिक स्थिति ........ १४
३. केन्द्रको कार्यविवरण ........ १५
४. मुख्य कृयाकलापहरु ........ १६
५. केन्द्रको भू-उपयोग विवरण ........ १७
६. फलफूल माउबोटको विवरण ........ १९
७. विभिन्न बालीहरूको जातीय/जर्मप्लाज्म संरक्षण अवस्था ........ १९
८. केन्द्रको भौतिक अवस्था ........ २०
९. केन्द्रको मौसमी विवरण (ई.सं. २०२३) ........ २१
१०. कर्मचारी विवरण ........ २५
११. हालसम्मका कार्यालय प्रमुखहरूको नामावली ........ २७

## खण्ड ग : केन्द्रको वार्षिक प्रगति विवरण


१. वार्षिक प्रगति विवरणको सारांश ........ २८
२. वार्षिक प्रगति विवरण (आ.व. २०८०/८१) ........ २९
३. वार्षिक बजेट विनियोजन र खर्च (आ.व. २०८०/८१) ........ ३५
५. कार्यक्रमको अपेक्षित प्रतिफल (Output) विवरण ........ ३५
६. कार्यक्रमका मुख्य-मुख्य उपलब्धीहरु ........ ३५
७. मुख्य मुख्य कार्यक्रमको विवरण (आ.व. २०८०/८१) ........ ३७
८. वार्षिक बिक्री वितरण विवरण ........ ४०
९. विगत वर्षहरुको तुलनात्मक राजश्व विवरण ........ ४४
१०. वार्षिक वित्तीय प्रगति विवरण ........ ४५
११. संकलित गैर-कर राजश्व आम्दानीको विवरण (आ.व. २०८०/८१) ........ ४७
१२. धरौटीको आर्थिक विवरण (आ.व. २०८०/८१) ........ ४७
१३. बेरुजु फछ्र्योट प्रगति विवरण (आ.व. २०८०/८१) ........ ४७


## खण्ड घ : आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम


१. बागवानी विकास केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम ........ ४८

# खण्ड क : काभ्रेपलाञ्चोक जिल्लाको परिचय

## १. जिल्लाको नामाकरण

काभ्रे जिल्लाका केही ऐतिहासिक स्थानहरू सांगाको पुरानो नाम शङ्गा, खोपासीलाई कुर्पासी, नालालाई नालङ्क, बनेपालाई भुजङ र वल्पो पलाञ्चोकलाई पिराखचो भन्ने गरिन्थ्यो । यि स्थानको नामाकरण किराँत शब्दबाट भएको देखिन्छ । यसबाट के पुष्टि हुन्छ भने गोपालवंशीहरूलाई हटाई किराँतहरूले नेपालको शासन चलाएसँगै यी क्षेत्रहरूमा पनि किराँतहरूको शासन कायम रहेको थियो ।

नेपाल राष्ट्रको एकीकरणपूर्व पनि वर्तमान काभ्रेपलाञ्चोक जिल्ला भित्र पर्ने बनेपा, पनौती, धुलिखेल, खोपासी, नाला, साँगा, पलाञ्चोक, मण्डन, दाप्चा, नाल्दुम, चौकोट जस्ता लघु राज्य अथवा गाउँहरुले इतिहासको पानामा आफूलाई सुरक्षित गरेकै थिए। यी स्थानहरु धार्मिक, पुरातात्विक, राजनैतिक, सामाजिक, व्यापारिक अथवा औद्योगिक महत्वका दृष्टिले इतिहासमा पढिन्छन्।

नेपाल अधिराज्यलाई वि.सं. २०१९ सालमा १४ अञ्चल ७५ जिल्लामा प्रशासनिक रुपले विभाजन गर्नुपूर्व यो क्षेत्र पूर्व १ नम्बर क्षेत्र अन्तर्गत पर्दथ्यो। पूर्व १ नं. क्षेत्रको २८ मौजामध्ये काभ्रे र पलाञ्चोक नामको दुई ठूला मौजा भित्र यस जिल्ला पर्दथ्यो र २८ वटा मौजाहरुको सदरमुकाम सिन्धुपाल्चोकको चौतारामा थियो। ती मौजा मध्ये वर्तमान काभ्रेपलाञ्चोक जिल्ला भित्र काभ्रे र पलाञ्चोक गरी दुईवटा मौजाहरु थिए। तिनै मौजाहरुलाई मिलाई काभ्रेपलाञ्चोक जिल्लाको स्थापना वि.सं. २०१९ सालमा गरिएको थियो। काभ्रे जिल्लाको नामाकरण पलाञ्चोक भगवतीको नामवाट पलाञ्चोक र काभ्रे गाउँको नामवाट काभ्रेपलाञ्चोक मौजा रहन गएको थियो र ती स्थान क्रमशः साठीघर गा.वि.स. र काभ्रे नित्य चण्डेश्वरी गा.वि.स.मा पर्दछन्।

## २. राजनीतिक अवस्थिति

देशको प्रशासनिक बिभाजन अनुसार शुरूमा यस जिल्लालाई ९९ गाविसहरूमा विभाजन गरिएको थियो भने बि.सं. २०३७ मार्ग १७ गते ६८ गाविसहरू कायम गरिएको थियो । पुनः वि.सं. २०३८ मा यस जिल्लामा ९७ गाविसहरू र १ नगरपालिका कायम गरिएको थियो।

वि.सं. २०६२/६३ सालको जनआन्दोलनबाट देशमा राजनैतिक परिवर्तन भएपश्चात् संविधानसभाको गठन भै सोको माध्यमबाट निर्माण तथा जारी गरिएको नेपालको संविधान, २०७२ अनुसार नेपाल अधिराज्यको नामाकरण सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको रुपमा रहन गयो र सङ्घीय संरचना अन्तर्गत नेपाललाई सातवटा प्रदेशहरुमा विभाजन गरियो। सङ्घीयस्वरुप अनुसार हाल नेपालमा सङ्घीय सरकार, प्रादेशिक सरकार तथा स्थानीय सरकार गरी तीन तहका सरकारहरु प्रशासनिक रुपमा सञ्चालनमा रहेका छन् र काभ्रे जिल्ला बागमती प्रदेश अन्तर्गत रहेको छ। पछिल्लो समय वि.सं. २०७३ फाल्गुण २७ सम्म यस जिल्लामा ५ नगरपालिकाहरू र ७५ गाविसहरू रहेका थिए ।नयाँ संरचना अनुसार वि.सं २०७३ फाल्गुण २७ गते नेपाल सरकारले राजपत्रमा प्रकाशित गरी यस जिल्लालाई १३ वटा नयाँ स्थानीय तहमा विभाजन गरेको छ।

## ३. भौगोलिक अवस्थिति

नेपालको मानचित्रमा ८५°२४'-८५°४९' पूर्वी देशान्तर तथा २७°२०'-२७°४५' उत्तरी अक्षांश बीच महाभारत पर्वत श्रृङ्खलामा फैलिएर रहेको काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्रफल १३९६ वर्ग कि.मि. रहेको छ। यस जिल्लाको भू-भाग समुन्द्र सतहवाट अग्लो स्थान वेथानचोक नारायण डाँडा ३०१८ मी. र होचो स्थान कोखाजोर खोला २८० मी. मा अवस्थित छ। जिल्लाको पूर्वमा रामेछाप र दोलखा, पश्चिममा काठमाण्डौ, भक्तपुर र ललितपुर, उत्तरमा सिन्धुपाल्चोक तथा दक्षिणमा सिन्धुली र मकवानपुर जिल्ला पर्दछन्। परिवर्तित राजनैतिक विभाजनको दृष्टिकोणमा यो जिल्ला २ वटा संसदीय क्षेत्र, ४ वटा प्रादेशिक क्षेत्र, ६ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरुमा विभाजित छ।

यस जिल्लाको अधिकांश क्षेत्र महाभारत श्रृखलामा पर्ने र भिरालो प्रकृतिको रहेका छन्।यसको अलावा केही समथर मैदानी भागहरु र पहाडका खोंचहरु समेत रहेका छन्। बनावटको हिसाबले यस जिल्लाको कूल क्षेत्रफल १,४०,४८६ हेक्टर मध्ये ज्यादै भिरालो जमीन करिब ५२.५% अर्थात ७३,७३६ हेक्टर र कम भिरालो जमीन करिब ४१.३% अर्थात् ५७,९९१ हेक्टर रहेको छ। करिब ५.१% अर्थात् ७,२९२ हेक्टर मैदान, टार र उपत्यका क्षेत्रले र १.१% अर्थात् १,५६५ हेक्टर ग्रावेल ढुङ्गा तथा नदीले ओगटेको छ। समथर भागहरुमा पाँचखाल, महादेवस्थान, भकुण्डेवेशी, शिखरअम्वोटे, मंगलटार,खोपासी, तालढुङ्गा, बनेपा, पनौती, नाला,शंखु. कुशादेवी आदि पर्दछन्। त्यस्तै गरी कूल भूमि मध्ये करिब ९७.१% क्षेत्र मध्य-पहाडी र बाँकी २.९% क्षेत्र शिवालिक क्षेत्र अन्तर्गत पर्दछन्।

## ४. हावापानी

समुन्द्र सतहवाट करिव ३१८ मी. देखि ३०१८ मी. सम्मको उचाईमा रहेको यस जिल्लामा स्थान अनुसार भौगोलिक विविधता पाइन्छ। यस जिल्लाको हावापानीलाई मूख्यतया निम्नानुसार तीन वर्गमा विभाजन गर्न सकिन्छः-

### ४.१ ठण्डा शितोष्ण जलवायु क्षेत्र (Cool Temperate Zone):

समुन्द्र सतहवाट करिब २००० मीटर र सो भन्दा माथिको क्षेत्रमा प्रायःजसो ठण्डा शितोष्ण हावापानी रहने गर्दछ। महाभारत श्रृङ्खलाको माथिल्लो भाग जस्तै चौबास, ढुङ्गखर्क, नगरकोट, नारायणस्थान. फलामेटार, बुढाखानी आदि स्थानमा यस प्रकारको हावापानी पाइन्छ। यी क्षेत्रहरुमा हिउँदमा बढी जाडो र गृष्म ऋतुमा प्रायः शीतल हुने गर्दछ।

### ४.२ न्यानो समशितोष्ण जलवायु क्षेत्र (Warm Temperate Zone):

समुन्द्र सतहबाट करिब १००० मीटर देखि २००० मीटर सम्मको अधिकांश क्षेत्रमा न्यानो समशितोष्ण हावापानी रहने गर्दछ। यस जिल्लाको भौगोलिक वनावटले गर्दा जिल्लाको अधिकांश भागमा यस प्रकारको जलवायु पाइन्छ। यी क्षेत्रहरुमा हिउँदमा सामान्य जाडो र गृष्म ऋतुमा प्रायः न्यानो हुने गर्दछ।

### ४.३ अर्धउष्ण जलवायु क्षेत्र (Sub-tropical Zone):

यस प्रकारको जलवायु प्रायः पहाडको खोंच र बेशीहरुमा समुन्द्र सतहबाट करिब १००० मीटर सम्मको क्षेत्रहरुमा पाइन्छ। पाँचखाल, महादेवस्थान, तालढुङ्गा, भकुण्डेवेशी, मंगलटार, शिखरअम्वोटे र गोकुले आदि क्षेत्रहरु यस क्षेत्रभित्र पर्ने हुँदा यहाँ हिउँदमा न्यानो र गृष्म ऋतुमा केही गर्मी हुने गर्दछ।

**वर्षा**

यस जिल्ला दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असार देखि भाद्र सम्ममा प्रशस्त पानी पर्दछ । यी महिनाहरूमा कुल वर्षाको ८० प्रतिशत सम्म पानी पर्दछ । जिल्लाका मुख्य दुई जलाधारक्षेत्रहरू वाग्मती र रोशी क्षेत्र हुँदै न्यून चापिय वायु जाने हुनाले यस क्षेत्रमा बढी वर्षा हुने गर्दछ । यी दुवै जलाधारक्षेत्रहरू महाभारत क्षेत्रको वृष्टिछाँयामा पर्ने गर्दछ । सबैभन्दा कम वर्षा जिल्लाको उत्तर पूर्वी क्षेत्रका पहाडी भू-भागहरूमा हुने गर्दछ । रोशी जलाधार क्षेत्रमा १३०० देखि २००० मि.मि. र बाग्मती जलाधार क्षेत्रमा २००० मि.मि भन्दा बढी तथा सुनकोशी क्षेत्रमा १३०० मि.मि. भन्दा कम वर्षा हुने गर्दछ । जिल्लामा सबैभन्दा बढी वर्षा हुने कोखाजोर खोला क्षेत्र हो जहाँ २६८७ मि.मि. वर्षा हुने गर्दछ ।

## ५. भू-उपयोग स्थिति तथा कृषि गणना सम्बन्धी विवरण

**तालिका १. जिल्लाको भू-उपयोग स्थिति**

| क्र.सं. | विवरण | क्षेत्रफल (हे.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ६१,५९४ | ४३.८ |
| क) | उपत्यका, टार, बेंसी | ७,७५८ | ५.५ |
| ख) | भिरालो | ३९,४४३ | २८.१ |
| ग) | कम भिरालो | १४,३९३ | १०.२ |
| २ | बन जंगल क्षेत्र | ३९,५६५ | २८.१६ |
| ३ | झाडी क्षेत्र | ३४,२३६ | २४.३७ |
| ४ | चरण क्षेत्र | ३,७४६ | २.६७ |

| क्र.सं. | विवरण | क्षेत्रफल (हे.मा) | प्रतिशत |
|---|---|---|---|
| ५ | चट्टान | १,२६८ | ०.९ |
| ६ | नगर | ६० | ०.०४ |
| ७ | भु-क्षय | १२ | |
| | कूल जम्मा | १,४०,४८६ | |

**तालिका २. भू-उपयोग नक्साको आधारमा कृषि क्षेत्रको वर्गीकरण -**

| क्र.सं. | विवरण | क्षेत्रफल (हे.) | हिस्सा(प्रतिशत) |
|---|---|---|---|
| १. | उपत्यका, टार, बेसी, आदि कम भिरालो क्षेत्र | ७,७५८ | १२.६ |
| २. | पहाडमा समतल गह्रा भएको क्षेत्र | १४,३९३ | २३.४ |
| ३. | पहाडमा भिरालो गह्रा भएको क्षेत्र | ३९,४४३ | ६४.० |
| | **जम्मा कृषि क्षेत्र** | **६१,५९८** | **१००** |

*श्रोतः काभ्रेपालञ्चोक जिल्लाको पार्श्व चित्र, जि.वि.स. काभ्रेपलाञ्चोक,२०६८, जिल्ला वस्तुगत विवरण, २०७०*

वि.सं. २०७८ सालको कृषि गणना अनुसार यस जिल्लामा प्रति परिवार करिब १०.११ रोपनी जग्गा रहेको छ। त्यसमा पनि करिब २१.३७% को एक स्थानमा मात्र जग्गा छ। यसै गरी २-३ स्थानमा ५२.९७%, ४-५ स्थानमा १९.३९% र ६-९ स्थानमा ५.८५% र १० वा सो भन्दा माथि स्थानमा ०.४२% को जग्गा रहेको छ। यस जिल्लामा करिब १२% घरधुरीले कुनै न कुनै रुपमा अरुको जग्गा भाडामा वा कमाउने गरेका छन्।

काभ्रेपलाञ्चोक जिल्लाको २०७८ सालको कृषि गणना अनुसारको मूख्य मूख्य तथ्याङ्कहरु तलको तालिकाहरुमा प्रस्तुत गरिएको छ।

**तालिका ३. काभ्रेपलाञ्चोक जिल्लाको स्थानीय तहअनुसार कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता संख्या, औषत कित्ता संख्या तथा सिंचित क्षेत्रफल**

| क्र.सं. | स्थानीय तह | कृषक परिवारको जम्मा संख्या | कृषक परिवारले चलन गरेको जगगाको जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा कित्ता संख्या | औषत कित्ता संख्या | सिंचित क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|---|
| १ | चौरीदेउराली गा.पा. | ४१३० | २६९३.२ | १६०३१ | ३.९ | २०७.७ |
| २ | भुम्लु गा.पा. | ४०६४ | २२१२.७ | १३९५८ | ३.४ | ५५९.७ |
| ३ | मण्डन देउपुर न.पा. | ७२५३ | ३५४०.० | २१२३८ | २.९ | १५३३.२ |
| ४ | बनेपा न.पा. | ६४०२ | २००७.० | १४०८३ | २.२ | ७३४.३ |
| ५ | धुलिखेल न.पा. | ५२९१ | १९१८.५ | ११६७७ | २.२ | ६२२.८ |
| ६ | पाँचखाल न.पा. | ७८४६ | ३६१०.४ | २१७८७ | २.८ | १२२६.३ |
| ७ | तेमाल गा.पा. | ४६९६ | ३०४१.९ | १६५३१ | ३.५ | ८२.० |
| ८ | नमोबुद्ध न.पा. | ६२९७ | ३०५८.२ | १६००३ | २.५ | ३४४.६ |
| ९ | पनौती न.पा. | ९३८३ | ३७४७.६ | २५००२ | २.७ | ११८३.६ |
| १० | बेथानचोक गा.पा. | ३४८३ | २०२०.३ | ८१३६ | २.३ | २२८.६ |
| ११ | रोशी गा.पा. | ५६३० | ३६३१.५ | १५५५८ | २.८ | ६३१.२ |
| १२ | महाभारत गा.पा. | ३१५२ | २२८५.० | ९२३८ | २.९ | १६३.८ |
| १३ | खानीखोला गा.पा. | २३१५ | १५९१.५ | ५९५० | २.६ | १९६.२ |
| **काभ्रेपलाञ्चोकको जम्मा** | | **६९९४१** | **३५३५७.७** | **१९५१९३** | **२.८** | **७७१४.१** |

तालिका ४. काभ्रेपलाञ्चोक जिल्लाको स्थानीय तहअनुसार कृषि चलनले चलन गरेको जग्गाको उपभोग

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | कृषक परिवारको जम्मा संख्या | कृषक परिवारले चलन गरेकोजग्गाको जम्मा क्षेत्रफल (हेक्टर.) | परिवारको हकको जग्गामात्र कमाउने (हेक्टर) | अरुको हकको जग्गामात्र कमाउने (हेक्टर) | अन्य प्रकारको उपभोग अन्तरगत (हेक्टर) | एकभन्दा बढी प्रकारको स्वामित्व (हेक्टर) |
|---|---|---|---|---|---|---|---|
| १ | चौरीदेउराली गा.पा. | ४१३० | २६९३.२ | २२३८.६ | | | ४५४.६ |
| २ | भुम्लु गा.पा. | ४०६४ | २२१२.७ | १९४४.९ | | | २६७.८ |
| ३ | मण्डन देउपुर न.पा. | ७२५३ | ३५४०.० | २८९३.६ | ४.० | १.८ | ६४०.५ |
| ४ | बनेपा न.पा. | ६४०२ | २००७.० | १४०१.५ | ५१.९ | ०.५ | ५५३.२ |
| ५ | धुलिखेल न.पा. | ५२९१ | १९१८.५ | ११०६.९ | ४२.८ | १.९ | ७६६.९ |
| ६ | पाँचखाल न.पा. | ७८४६ | ३६१०.४ | २३२९.६ | ५४.८ | | १२२६.० |
| ७ | तेमाल गा.पा. | ४६९६ | ३०४१.९ | २८६४.० | १.४ | | १७६.५ |
| ८ | नमोबुद्ध न.पा. | ६२९७ | ३०५८.२ | २६२१.५ | २५.७ | | ४११.० |
| ९ | पनौती न.पा. | ९३८३ | ३७४७.६ | ३०८१.६ | ४५.६ | १२.९ | ६०७.५ |
| १० | बेथानचोक गा.पा. | ३४८३ | २०२०.३ | १९२२.२ | ९.१ | | ८९.० |
| ११ | रोशी गा.पा. | ५६३० | ३६३१.५ | ३२८८.२ | १२.१ | | ३३१.१ |
| १२ | महाभारत गा.पा. | ३१५२ | २२८५.० | २२०६.४ | | | ७८.५ |
| १३ | खानीखोला गा.पा. | २३१५ | १५९१.५ | १५५९.९ | | ०.७ | ३०.९ |
| | **काभ्रेपलाञ्चोक** | **६९९४१** | **३५३५७.७** | **२९४५९.०** | **२४७.६** | **१७.८** | **५६३३.४** |

तालिका ५. काभ्रेपलाञ्चोक जिल्लाको स्थानीय तहअनुसार कृषिचलनले चलन गरेको जग्गाको उपयोग

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | कृषक परिवारको जम्मा संख्या | कृषक परिवारले चलन गरेकोजग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा खेतीयोग्य जग्गा (हेक्टर) | अस्थायी बाली (हेक्टर) | अन्य खेती योग्य (हेक्टर) | स्थायी बाली (हेक्टर) | स्थायी चौरचरन, निजि बनबनेलो, पोखरी तथा अन्य जग्गा (हेक्टर) |
|---|---|---|---|---|---|---|---|---|
| १ | चौरीदेउराली गा.पा. | ४१३० | २६९३.२ | १९९८.३ | १७४३.१ | २५५.२ | ११८.३ | ५७६.७ |
| २ | भुम्लु गा.पा. | ४०६४ | २२१२.७ | १८०९.८ | १६३९.० | १७०.८ | १७६.१ | २२६.९ |
| ३ | मण्डन देउपुर न.पा. | ७२५३ | ३५४०.० | ३१४२.२ | २९७८.४ | १६३.७ | १९.६ | ३७८.१ |
| ४ | बनेपा न.पा. | ६४०२ | २००७.० | १५९५.३ | १४८९.६ | १०५.८ | ५२.८ | ३५८.८ |
| ५ | धुलिखेल न.पा. | ५२९१ | १९१८.५ | १६१३.२ | १५२८.८ | ८४.४ | १०१.० | २०४.३ |
| ६ | पाँचखाल न.पा. | ७८४६ | ३६१०.४ | ३०५६.५ | २९२८.७ | १२७.८ | १३४.६ | ४१९.३ |
| ७ | तेमाल गा.पा. | ४६९६ | ३०४१.९ | १९९६.२ | १८७१.९ | १२४.२ | ५३७.३ | ५०८.४ |
| ८ | नमोबुद्ध न.पा. | ६२९७ | ३०५८.२ | २४४६.९ | २२७३.३ | १७३.६ | १३८.१ | ४७३.१ |
| ९ | पनौती न.पा. | ९३८३ | ३७४७.६ | २५२८.७ | २४२८.५ | १००.२ | ८५.५ | ११३३.३ |
| १० | बेथानचोक गा.पा. | ३४८३ | २०२०.३ | १४४९.५ | १३०५.९ | १४३.६ | २२६.४ | ३४४.४ |
| ११ | रोशी गा.पा. | ५६३० | ३६३१.५ | २३७०.२ | २१६८.१ | २०२.१ | ५६६.६ | ६९४.७ |
| १२ | महाभारत गा.पा. | ३१५२ | २२८५.० | १७४१.२ | १६९५.२ | ४६.० | २०४.४ | ३३९.४ |
| १३ | खानीखोला गा.पा. | २३१५ | १५९१.५ | ९३५.८ | ९१९.४ | १६.४ | ११६.४ | ५३९.२ |
| | **काभ्रेपलाञ्चोक** | **६९९४१** | **३५३५७.७** | **२६६८३.८** | **२४९७०.१** | **१७१३.८** | **२४७७.२** | **६१९६.७** |

## ६. जनसंख्या विवरण

राष्ट्रिय जनगणना २०७८ को नतिजा सार्वजनिक भएको छ। जनसंख्याका आधारभुत तथ्याङ्कहरुको विवरण राष्ट्रिय जनगणना २०७८ को बेभसाइट मार्फत सार्वजनिक गरिएका तथ्याङ्कहरुलाई आधार मानेर केही सूचकहरु तयार गरिएका छन् ।

**तालिका ६. स्थानीय तह अनुसार परिवार संख्या र जनसंख्या विवरण, २०७८**

| स्थानीय तह | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | जनसंख्या वृद्धिदर (%) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| बनेपा न.पा. | १६६९८ | ६७६९० | ३३१७२ | ३४५१८ | ४.०५ | ९६.१० | १.८८ | १२३१ |
| बेथानचोक गा.पा. | ३८६१ | १४९५९ | ७१५० | ७८०९ | ३.८७ | ९१.५६ | -१.१० | १४८ |
| भुम्लु गा.पा. | ४५१८ | १५६७८ | ७५९६ | ८०८२ | ३.४७ | ९३.९९ | -१.८० | १७२ |
| चौंरीदेउराली गा.पा. | ४१५६ | १४०७६ | ६६६१ | ७४१५ | ३.३९ | ८९.८३ | -३.७६ | १४४ |
| धुलिखेल न.पा. | ८५७० | ३३७२६ | १६४६२ | १७२६४ | ३.९४ | ९५.३५ | ०.४६ | ६१३ |
| खानीखोला गा.पा. | २३९८ | १२२०१ | ६०४९ | ६१५२ | ५.०९ | ९८.३३ | -१.५९ | ९२ |
| महाभारत गा.पा. | ३१७४ | १६०७९ | ७८८० | ८१९९ | ५.०७ | ९६.११ | -१.२३ | ८६ |
| मण्डनदेउपुर न.पा. | ७९२४ | ३०३८१ | १४८५३ | १५५२८ | ३.८३ | ९५.६५ | -०.६९ | ३४१ |
| नमोबुद्ध न.पा. | ७१४८ | २६१६० | १२४९६ | १३६६४ | ३.६६ | ९१.४५ | -१.१६ | २५६ |
| पनौती न.पा. | १२८०६ | ५१५०४ | २५०१५ | २६४८९ | ४.०२ | ९४.४४ | ०.९६ | ४३६ |
| पाँचखाल न.पा. | ९१३३ | ३५५२१ | १७२१२ | १८३०९ | ३.८९ | ९४.०१ | -०.६५ | ३४५ |
| रोशी गा.पा. | ६०७५ | २३७९० | ११४८६ | १२३०४ | ३.९२ | ९३.३५ | -१.८२ | १३५ |
| तेमाल गा.पा. | ४८६९ | १६९५७ | ८२२० | ८७३७ | ३.४८ | ९४.०८ | -२.८० | १९१ |
| संस्थागत | ९८ | ५३१७ | ४६५७ | ६६० | | | | |
| **जम्मा** | ९१४२८ | ३६४०३९ | १७८९०९ | १८५१३० | ३.९८ | ९६.६४ | -०.४६ | २६१ |

**तालिका ७. काभ्रेपलाञ्चोक जिल्लाको उमेर समूह अनुसार जनसंख्या**

| उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| सबै उमेरका | ३६४०३९ | १७८९०९ | १८५१३० |
| ०-४ वर्ष | २४५९९ | १३०४२ | ११५५७ |
| ५-९ वर्ष | २७२७९ | १४२७० | १३००९ |
| १०-१४ वर्ष | ३००७० | १५२५१ | १४८१९ |
| १५-१९ वर्ष | ३३१६२ | १६४१२ | १६७५० |
| २०-२४ वर्ष | ३१८११ | १५२४६ | १६५६५ |
| २५-२९ वर्ष | ३०८४४ | १४८८१ | १५९६३ |
| ३०-३४ वर्ष | २८५२० | १४२२० | १४३०० |
| ३५-३९ वर्ष | २७५५४ | १३७७८ | १३७७६ |
| ४०-४४ वर्ष | २४३२९ | ११५९७ | १२७३२ |
| ४५-४९ वर्ष | २०९२४ | ९८२० | १११०४ |
| ५०-५४ वर्ष | २१९२२ | १०५०७ | ११४१५ |
| ५५-५९ वर्ष | १६८६० | ८१७३ | ८६८७ |
| ६०-६४ वर्ष | १५३४२ | ७३४५ | ७९९७ |
| ६५-६९ वर्ष | १११६८ | ५३४५ | ५८२३ |
| ७०-७४ वर्ष | ८५५६ | ३९६६ | ४५९० |
| ७५-७९ वर्ष | ५८७९ | २६९७ | ३१८२ |
| ८०-८४ वर्ष | २९४० | १३७३ | १५६७ |
| ८५-८९ वर्ष | १५३२ | ६९० | ८४२ |
| ९०-९४ वर्ष | ४८५ | १९९ | २८६ |
| ९५ वर्ष वा सो भन्दा बढी | २६३ | ९७ | १६६ |

**तालिका ८. काभ्रेपलाञ्चोक जिल्लाको वैवाहिक अवस्था**

| बैवाहिक अवस्था | | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १० वर्ष वा सो भन्दा बढी उमेरको वैवाहिक अवस्था | जम्मा जनसंख्या | ३१२१६१ | १५१५९७ | १६०५६४ |
| | अविवाहित | ९३७२२ | ५०४१८ | ४३३०४ |
| | विवाहित | १९९२१२ | ९६१५७ | १०३०५५ |
| | विधुवा/विधुर | १७१६८ | ४११६ | १३०५२ |
| | पारपाचुके | ४३३ | २४३ | १९० |
| | छुट्टिएको | १६२६ | ६६३ | ९६३ |
| | कम्तिमा एक पटक विवाह भएको जनसंख्या | २१८४३९ | १०११७९ | ११७२६० |
| पहिलो विवाह गर्दाको उमेर | <१० वर्ष | १३६५ | २८७ | १०७८ |
| | १०-१४ वर्ष | १७५४७ | ४५२३ | १३०२४ |
| | १५-१७ वर्ष | ४६८७० | १४६०० | ३२२७० |
| | १८-२० वर्ष | ७०७६३ | ३११०० | ३९६६३ |
| | २१-२४ वर्ष | ४९५२४ | २८१९६ | २१३२८ |
| | २५-२९ वर्ष | २४७८३ | १६९०६ | ७८७७ |
| | ३०-३४ वर्ष | ५६६३ | ४२४३ | १४२० |
| | ३५-३९ वर्ष | १२१९ | ८९७ | ३२२ |
| | ४०-४४ वर्ष | ३६६ | २५३ | ११३ |
| | ४५-४९ वर्ष | १०२ | ७५ | २७ |
| | >=५० वर्ष | ४९ | ३८ | ११ |
| | उल्लेख नभएको | १८८ | ६१ | १२७ |

### तालिका ९. काभ्रेपलाञ्चोक जिल्लाको प्रमुख पारिवारिक विवरणहरु

| जम्मा परिवार संख्या | | ९१३३० |
|---|---|---|
| घरको स्वामित्व | आफ्नै | ८११६३ |
| | भाडामा | ९४१८ |
| | संस्थागत | ४३० |
| | अन्य | ३१९ |
| महिलाको स्वामित्वमा | घर मात्र भएका | २०८१ |
| | जग्गा मात्र भएका | ७०८६ |
| | घर जग्गा दुवै भएका | ९६७७ |
| | घर जग्गा दुवै नभएका | ७१४७० |
| | उल्लेख नभएको | १०१६ |
| खानेपानीको मुख्य स्रोत | धारा/पाइप (घर परिसर भित्र) | ३९७६६ |
| | धारा/पाइप (घर परिसर बाहिर) | ३३११५ |
| | ट्युबवेल/ हातेपम्प | ३०१ |
| | ढाकिएको इनार/कुवा | ४१७३ |
| | खुला इनार/कुवा | ४०८२ |
| | मूल धारा | ७४२० |
| | नदी/खोला | ५७९ |
| | जार/बोतल | १६०५ |
| | अन्य | २८९ |
| अक्सर (मुख्य रूपमा) खाना पकाउन प्रयोग गरिने इन्धन | काठ/दाउरा | ४५२९९ |
| | एल.पी. ग्याँस | ४४८२९ |
| | बिजुली | १७३ |
| | गुइठा/गोरहा | ९ |
| | बायोग्याँस | ८९५ |
| | मट्टितेल | १०२ |
| | अन्य | २३ |

| | | |
|---|---|---|
| अक्सर (मुख्य रूपमा) बत्ती बाल्न प्रयोग गरिने इन्धन | बिजुली | ८७९८१ |
| | सोलार/सौर्यउर्जा | ३१४६ |
| | मट्टितेल | १०१ |
| | बायोग्याँस | ७ |
| | अन्य | ९५ |
| चर्पीको प्रकार | फ्लस भएको (सार्वजनिक ढल) | १२८७५ |
| | फ्लस भएको (सेप्टिक ट्यांकी) | ६०४७४ |
| | साधारण (खाल्टे) | १५७४९ |
| | सार्वजनिक | ३३७ |
| | चर्पी नभएको | १८९५ |

## ७. सिंचाईको स्थिति

जिल्लामा खेती गरिएको कूल जमिन मध्ये सिंचाई सुविधा १४.७३ प्रतिशत जमिनमा उपलव्ध भएको देखिन्छ। त्यस्तै मौसमी रुपमा सिंचाई उपलव्ध भएको क्षेत्र ८.६ प्रतिशत रहेको छ। उपलव्ध सिंचाई सुविधा खेती गरिएको कूल जमिनको अनुपातमा न्यून रहेको छ। जिल्लाका अधिकांश कृषकहरु मौसमी वर्षामा निर्भर हुने यस तथ्याङ्कले देखाउँदछ।

| विवरण | क्षेत्रफल (हेक्टरमा) | प्रतिशतमा |
|---|---|---|
| जम्मा कृषि क्षेत्र | ६१५९८ | ४३.८ (कूल क्षेत्रफलको) |
| खेती गरिएको क्षेत्रफल | ४८४४० | ७८.६ (कृषि क्षेत्रको) |
| बाह्रै महिना सिंचाई हुने क्षेत्र | ७१४० | १४.७३ (खेती गरिएको क्षेत्रफलको) |
| मौसमी रुपमा सिंचाई हुने क्षेत्र | ४१७० | ८.६ (खेती गरिएको क्षेत्रफलको) |

***श्रोतः वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका २०७०, जि.कृ.वि.का. काभ्रे***

# खण्ड ख : बागवानी विकास केन्द्रको परिचय

## १. केन्द्रको स्थापना

वि.सं. २०३१ सालमा वृहत्त बागवानी केन्द्रको रुपमा यस केन्द्रको स्थापना भएको हो। केही वर्ष पश्चात् यस केन्द्रको नाम परिवर्तन भै बागवानी विकास केन्द्रको रुपमा रहन गयो भने आ.व.२०६१/६२ देखि यस केन्द्रको नामाकरण मसला बाली विकास केन्द्रको रुपमा हुन गै यस केन्द्रले बागवानीका सबै पक्षहरुलाई समेटी कार्यक्रमहरू सञ्चालन गर्दै आईरहेकोमा देशको पूनसंरचना अनुसार यो केन्द्र बागमती प्रदेश सरकारको मातहतमा रहि कार्य सञ्चालग गर्दै आएको छ। २०८० माघबाट यस केन्द्रको नामाकरण पुनः बागवानी विकास केन्द्र कायम भएको छ।

## २. केन्द्रको भौगोलिक स्थिति

| | | |
|---|---|---|
| ▪ अक्षांश | : | २७°४१' |
| ▪ देशान्तर | : | ८५°३८' |
| ▪ हावापानी | : | उपोष्ण |
| ▪ तापक्रम | : | ३८ डिग्री सेन्टिग्रेड (अधिकतम) |
| | : | ०.२ डिग्री सेन्टिग्रेड (न्यूनतम) |
| ▪ औषत वर्षा | : | ११५० मिलिमिटर |
| ▪ उचाई | : | ८६५ मिटर (समुन्द्र सतहवाट) |
| ▪ क्षेत्रफल | : | ७.६ हेक्टर (१५२ रोपनी) |
| ▪ स्थान | : | पाँचखाल नगरपालिका, वार्ड नं. ०४, तामाघाट |
| ▪ जिल्ला | : | काभ्रे |
| ▪ काठमाण्डौदेखिको दूरी | : | ४४ कि.मी. |

## ३. केन्द्रको कार्यविवरण

- विभिन्न जातका मसलाबाली, तरकारीबाली, आलुबाली तथा मध्य पहाडका खोंच तथा बेंसी क्षेत्रमा सम्भाव्य उपोष्ण प्रदेशीय फलफूलको स्रोत केन्द्रको रुपमा विकास गर्ने। मसलाबालीहरु जस्तैः अदुवा, बेसार, लसुन लगायतका गुणस्तरीय बीउ उत्पादन गरी बिक्री वितरण गर्ने।
- विभिन्न उष्ण तथा उपोष्ण जातका फलफूल (आँप, लिची, मेकाडेमियानट, कागती, रुखकटहर अम्बा लगायत अन्य सम्भाव्य फलफूलहरु) का गुणस्तरीय बिरुवा उत्पादन तथा बिक्री वितरण गर्ने।
- विभिन्न जातका तरकारी (चौमासे सिमि काक्रो गोलभेडा) को मूल, उन्नत तथा बर्णशंकर बीउ उत्पादन तथा बाली चक्रको रुपमा धानको मूल एवं उन्नत बीउ उत्पादन तथा गुणस्तरीय तरकारी बेर्ना उत्पादन तथा बिक्री वितरण गर्ने ।
- विभिन्न जातका भूगोल सुहाँउदो उन्नत जात तथा स्थानीय बागवानी बालीहरुको जर्मप्लाज्म संकलन, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने।
- केन्द्रको प्रभाव क्षेत्रमा रहेका निजी नर्सरीहरूमा गुणस्तरीय बिरुवा उत्पादन गर्नको लागि प्राविधिक सहयोग, सुपरिवेक्षण तथा अनुगमन गर्ने।
- केन्द्र परिसर तथा कमाण्ड क्षेत्रमा बगैंचा व्यवस्थापन तथा उत्पादनोपरान्त प्रविधि प्रदर्शन तथा  कृषि प्रसार गतिविधि मार्फत गुणस्तरीय फलफूल, तरकारी तथा मसलाबाली उत्पादन प्रविधि, अध्ययन, परीक्षणका क्रियाकलापहरू सञ्चालन गरी प्रचार प्रसार गर्ने।
- फार्म केन्द्रमा रहेका भौतिक संरचनाको संरक्षण तथा आधुनिक प्रविधिको अनुसरण गर्दै विकास गर्ने |
- केन्द्रको प्रभाव क्षेत्रमा कृषि ज्ञान केन्द्र तथा स्थानीय तहसँग समन्वय गरि बागवानी विकास सम्वन्धी कृषि प्रसार गतिविधि सञ्चालन  गर्ने तथा कमाण्ड क्षेत्रका कृषि ज्ञान केन्द्रहरु तथा स्थानीय तहहरुलाई सम्वन्धित विषयमा प्राविधिक परामर्श उपलव्ध गराउने।

- फलफूल, तरकारी, आलुबाली तथा मसलाबाली खेती सम्बन्धी सैदान्तिक तथा व्यवहारीक तालिम प्रदान गर्ने।
- कृषि स्नातक तथा जे.टी/जे.टी.ए. कोर्ष अध्ययनरत विद्यार्थीहरुका इन्टर्नसिप तथा कार्यगत तालिम कार्यक्रम सञ्चालन गर्ने।
- केन्द्रसँग सम्वन्धित बालीबस्तुमा कृषि उद्यम तथा व्यवसाय सन्चालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलव्ध गराउने।
- संघीय तथा प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालन हुने फलफूल, तरकारी तथा मसलाबालीको उत्पादन, बीउ र बिरूवा सम्बन्धी कार्यमा सहयोग गर्ने |
- प्रदेशस्तरमा बागवानी विकास सम्बन्धी नीती तथा कार्यनीति तयार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विकास निर्देशनालयलाई सुझाव र सल्लाह दिने
- सरोकारवालाहरुसँग आवश्यक समन्वय गरि केन्द्रसँग सम्वन्धित बाली बस्तुमा विकसित नविनतम प्रविधिको फिल्ड परिक्षण गर्ने।
- केन्द्र परिसर वा कमाण्ड क्षेत्र भित्र सम्वन्धित वालीको उत्पादन तथा पत्पदोपरान्त प्रविधि सम्वन्धी अध्ययन, परिक्षणका क्रियाकलापहरु सञ्चालन गरि प्रचार प्रसार गर्ने।

## ४. मुख्य कृयाकलापहरु

काभ्रे जिल्लाको उर्वर भूमिको रुपमा परिचित पाँचखाल उपत्यकाको बीचमा अवस्थित यस केन्द्र स्थापनाकालदेखि विभिन्न नामले चिनिदै हाल बागवानी विकास केन्द्रको रुपमा काम गर्दै आईरहेको छ । यस केन्द्रले सञ्चालन गर्ने मुख्य-मुख्य कृयाकलापहरू यस प्रकार रहेका छन् —

- तरकारी बाली तर्फ चौमासे जातको सिमीको तरकारी बीउको श्रोत केन्द्रको रूपमा तरकारीको मूल बीउ उत्पादन।
- विभिन्न उन्नत जातका आलुको बेसिक (मूल) तथा प्रमाणित बीउ उत्पादन।
- फलफूल बालीमा आँप, लिचि, अम्बा, रुखकटहर, कागती आदिका गुणस्तरिय बिरुवा उत्पादन।

- मसला बाली अन्तर्गत मूख्य रुपमा बेसारको पाना (बीउ) उत्पादन, अदुवाको पाना (बीउ) उत्पादन, लसुन बीउ उत्पादन।
- तरकारी बेर्नातर्फ विभिन्न हिउँदे र वर्षे तरकारी बालीका बेर्ना उत्पादन।
- आलङ्कारीक बिरुवा तर्फ विभिन्न मौसमी, एक वर्षे, बहुवर्षे फूल बिरूवा उत्पादन।
- बागवानी बालीमा स्थानीय श्रोत व्यक्ति तयार गर्नका लागि जिल्ला स्तर अगुवा कृषक तालिम सञ्चालन।
- कृषकहरुलाई परेको समस्या फिल्डस्तरमा नै समाधानको लागि स्थलगत घुम्ती तालिम सञ्चालन।
- केन्द्रको कमाण्ड क्षेत्रका कृषकहरूलाई प्राविधिक सेवा टेवा पुऱ्याउने कार्य।

## ५. केन्द्रको भू-उपयोग विवरण

यस केन्द्रको कुल ७.६ हेक्टर (१५२ रोपनी) क्षेत्रफल जग्गालाई तल देहाय अनुसार विभिन्न बागवानीजन्य बालीहरूको उत्पादनमा उपयोग गरिनुका साथै बाँकी जग्गामा कार्यालय भवन, आवास भवन, बाटो, सिंचाई कुलो, पोखरीआदि निर्माण गरिएको छ। चित्रमा दर्शाए अनुसार केन्द्रको करिब ८४ प्रतिशत जग्गा उत्पादनमूलक कार्यमा प्रयोग भएको छ भने करिब १६ प्रतिशत जग्गामा केन्द्रका पूर्वाधारहरू निर्मित भएका छन्। यस क्रममा ८४ प्रतिशत जग्गा मध्ये सबैभन्दा धेरै अर्थात् ५२ प्रतिशत जग्गामा विभिन्न सदाबहार फलफूलका बगैंचा छन् भने तरकारी तथा बीउ आलु उत्पादनका लागि २९ प्रतिशत जग्गा, फलफूल नर्सरी बिरूवा उत्पादनका लागि २ प्रतिशत र विभिन्न तरकारी बालीका नर्सरी बिरूवा उत्पादनका लागि १ प्रतिशतजग्गा प्रयोगमा ल्याइएको छ। त्यसैगरी १६ प्रतिशत जग्गा मध्ये ९ प्रतिशत जग्गामा कुलो तथा बाटो, ३ प्रतिशत जग्गामा कार्यालय तथा आवास भवन, ३ प्रतिशत जग्गामा सिंचाई पोखरी र एक प्रतिशत जग्गामा मेट्रोलोजिकल स्टेशन निर्मित छन्।

**तालिका ११. बागवानी विकास केन्द्रको भू-उपयोग विवरण**

| क.सं. | भू-उपयोग विवरण | क्षेत्रफल (रोपनी) | क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|---|
| १. | सदाबहार फलफूल बगैंचा | ७८ | ३.९० | यस केन्द्रको ५ रोपनी जग्गा तरकारी संकलन केन्द्रलाई र २.५ रोपनी जग्गा दुध चिस्यान केन्द्रलाई भोगचलनको लागि हस्तान्तरण गरिएको। |
| २. | फलफूल नर्सरी | ३.५ | ०.१७ | |
| ३. | तरकारी नर्सरी | २ | ०.१० | |
| ४. | तरकारी बीउ उत्पादन | ४४ | २.२० | |
| ५. | कार्यालय तथा आवास भवन | ५ | ०.२५ | |
| ६. | कुलो तथा बाटो | १४ | ०.७० | |
| ७. | सिंचाई पोखरी | ५ | ०.२५ | |
| ८. | मेट्रोलोजिकल स्टेशन | ०.५ | ०.०३ | |
| | **जम्मा** | **१५२** | **७.६** | |




चित्र नं. १. केन्द्रको भू-उपयोग (प्रतिशतमा)

## ६. फलफूल माउबोटको विवरण

केन्द्रमा माउबोट ब्लक, जर्मप्लाज्म ब्लक र उत्पादन ब्लक तयार गरी फलफूल बगैंचा स्थापना गरिएको छ। केन्द्रमा भएका विभिन्न फलफूलका माउबोटहरूको विवरण यस प्रकार छः-

**तालिका १२. फलफूलका माउबोटहरूको विवरण**

| क्र.सं. | फलफूल | जात | माउवोट (संख्या) |
|---|---|---|---|
| १. | आँप | बम्बई ग्रीन, दशहरी, माल्दह, गोपालखास, कृष्णभोग, फजली, चौसा, आम्रपाली, निलम, मालिका | २५० |
| २. | लिचि | शाही, सिडलेस, मुजफ्फरपुर | २५ |
| ३. | अम्बा | के.जी. १ | १० |
| ४. | मेकाडेमियानट | किउ | ०१ |
| | | **जम्मा** | **२८६** |

## ७. विभिन्न बालीहरूको जातीय/जर्मप्लाज्म संरक्षण अवस्था

केन्द्रमा जातीय/जर्मप्लाज्म संकलन, संरक्षण तथा सम्वर्द्धन गरिएका विभिन्न बागवानी बालीहरूको विवरण यस प्रकार रहेको छः-

**तालिका १३. विभिन्न बालीहरुको जातीय/जर्मप्लाज्म संरक्षण अवस्था**

| क्र.सं. | बाली | संकलन,संरक्षण तथा सम्वर्द्धन गरिएका जात | संख्या |
|---|---|---|---|
| १. | लसुन | भोटे, पाँचखाल स्थानीय | ३ |
| २. | बेसार | कपुरकोट हलेदो-१, सुगन्धा रातो, अन्य १०० वटा जीन बैंकको Accessions | ३ |
| ३. | घ्यू सिमी | चौमासे | १ |
| ४. | करेला | ह्वाइट लङ्ग | १ |
| ५. | गोलभेंडा | सि.एल.२०३७, होचो क्रस | १ |

## ८. केन्द्रको भौतिक अवस्था

यस केन्द्रमा भएका भौतिक पूर्वाधार, मेशिनरी तथा उपकरणहरूको विवरण यस प्रकार रहेको छ।

**तालिका १४. केन्द्रको भौतिक अवस्था**

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | कार्यालय भवन | १ | |
| २. | स्टोर भवन | १ | प्रि-फ्याबबाट निर्मित |
| ३. | स्टोर भवन | १ | |
| ४. | आवास भवन | ३ | |
| ५. | स्टोर भवन + आवास भवन | १ | |
| ६. | पाले घर | १ | |
| ७. | पावर टिलर | ४ | २ जीर्ण हालतमा |
| ८. | डेस्कटप कम्प्यूटर प्रिन्टर | ४ | चालु हालतमा |
| ९. | स्क्यानर | २ | चालु हालतमा |
| १०. | ल्यापटप | ५ | ३ चालु हालतमा |
| ११. | पिकअप गाडी (TATA XENON) | १ | चालु हालतमा |
| १२. | मोटरसाईकल | ४ | ३ चालु हालतमा |

# ९. केन्द्रको मौसमी विवरण (ई.सं. २०२३)

## तालिका १५. बागवानी विकास केन्द्र पाँचखालको दैनिक अधिकतम तापक्रम (डि.से.)

| Days | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०.७ | २७.१ | २६.७ | २३.८ | २२.८ | ३४.६ | ३०.८ | ३४.३ | ३३.३ | ३२.४ | ३०.८ | ३०.८ |
| २ | २१.२ | २६.८ | २६.८ | २५.३ | २१.८ | ३४.६ | ३२.६ | ३४.८ | ३३.३ | ३०.७ | २९.४ | २९.४ |
| ३ | २१.४ | २६.९ | २७.७ | २७.३ | २७.२ | ३४.३ | ३२.७ | ३२.७ | ३५.२ | ३१.७ | २९.४ | २९.४ |
| ४ | २२.१ | २६.३ | २८.३ | ३०.३ | २१.१ | ३४.६ | ३२.७ | ३१.३ | ३५.२ | ३१.८ | २९.२ | २९.२ |
| ५ | २२.१ | २५.३ | २९.३ | २९.८ | ३०.८ | ३४.६ | ३०.३ | ३३.२ | ३३.५ | ३३.३ | २८.२ | २८.२ |
| ६ | २३.२ | २५.३ | २९.४ | ३२.३ | ३२.८ | ३२.९ | ३३.८ | २७.३ | ३४.४ | ३३.३ | २७.८ | २७.८ |
| ७ | २३.८ | २४.१ | २९.६ | ३१.२ | ३३.२ | ३४.६ | ३३.८ | ३१.१ | ३४.६ | ३१.६ | २७.७ | २७.७ |
| ८ | २३.८ | २४.१ | १९.९ | ३१.२ | ३३.२ | ३६.८ | ३३.८ | २९.३ | ३४.६ | ३१.९ | २८.२ | २८.२ |
| ९ | २३.८ | २३.६ | २८.१ | ३३.२ | ३३.८ | ३५.२ | ३३.९ | ३३.३ | ३२.४ | ३२.४ | २८.२ | २८.२ |
| १० | २४.२ | २६.३ | २९.४ | ३२.३ | ३३.८ | ३५.३ | ३४.४ | ३३.४ | ३३.९ | ३२.३ | २७.८ | २७.८ |
| ११ | २२.९ | २७.२ | २९.१ | ३२.२ | ३३.३ | ३६.२ | ३५.२ | ३१.१ | ३४.८ | ३२.३ | २७.८ | २७.८ |
| १२ | २३.२ | २७.४ | २९.४ | ३४.२ | ३३.३ | ३२.६ | ३५.८ | २९.१ | ३४.८ | ३१.३ | २७.६ | २७.६ |
| १३ | २३.३ | २६.२ | २९.५ | ३३.८ | ३४.४ | ३२.८ | ३२.८ | २४.७ | ३४.३ | ३१.२ | २७.८ | २७.८ |
| १४ | २३.८ | २५.८ | २८.८ | ३३.८ | ३४.४ | ३२.९ | २८.४ | २८.४ | ३४.३ | ३१.७ | २८.२ | २३.८ |
| १५ | २२.६ | २६.२ | २९.६ | ३३.८ | ३२.९ | ३४.४ | ३३.८ | ३३.९ | ३४.२ | ३१.८ | २८.४ | २२.८ |
| १६ | १९.८ | २८.१ | २७.८ | ३३.८ | ३१.३ | ३४.४ | ३३.८ | ३१.८ | ३४.८ | ३०.८ | २८.५ | २४.४ |
| १७ | २०.३ | २८.२ | २६.८ | ३५.२ | ३१.४ | ३४.४ | ३३.८ | ३४.७ | ३४.८ | ३०.२ | २९.६ | २४.४ |
| १८ | २०.३ | २८.२ | २६.२ | ३५.८ | २८.८ | ३५.१ | ३३.८ | ३४.७ | ३४.३ | २८.९ | २९ | २४.५ |
| १९ | १९.७ | २८.३ | २४.६ | ३६.२ | ३४.३ | ३५.२ | ३५ | ३३.७ | ३४.९ | २९.३ | २८ | २२.८ |
| २० | २१.१ | २७.४ | २४.३ | ३६.३ | ३०.८ | ३४.२ | ३५.५ | ३३.७ | ३३.२ | २९.५ | २८.८ | २२.४ |
| २१ | २५.३ | २७.८ | २३.३ | ३२.२ | ३१.३ | ३४.८ | ३५.६ | २६.३ | ३२.८ | २८.१ | २८.७ | २३.४ |
| २२ | २४.९ | २८.७ | २७.३ | ३१ | ३२.९ | ३४.७ | ३४.७ | ३२ | ३२.२ | ३५.१ | २७.९ | २३.४ |
| २३ | २७.२ | २८.४ | २७.३ | ३०.९ | २८.७ | ३४.३ | ३४.७ | २५.६ | ३१.६ | ३०.५ | २७.४ | २३.२ |
| २४ | २७.२ | २८.२ | २७.७ | १८.८ | ३१.८ | ३२.२ | ३४.४ | ३०.७ | ३२.१ | ३१.१ | २७.४ | २३.२ |
| २५ | २७.३ | २६.२ | २९.३ | २८.८ | २९.८ | ३३.८ | ३२.३ | २७.१ | ३२.२ | ३०.१ | २७.४ | २४.३ |
| २६ | २५.५ | २५.१ | ३०.७ | ३०.८ | २९.८ | ३३.९ | ३४.२ | ३२.४ | ३३.६ | ३८.५ | २७.८ | २४.८ |
| २७ | २७ | २४.७ | २९.४ | ३०.८ | २९.७ | ३४ | ३४.२ | ३२.६ | ३३.८ | ३८.५ | २८ | २५.२ |
| २८ | २५.८ | २६.८ | २९.६ | ३२.२ | ३०.३ | ३३.२ | ३३.८ | ३३.६ | ३४.८ | ३७.९ | २६.२ | २५.२ |
| २९ | २५.५ | | २९.२ | ३२.२ | ३२.८ | ३२.३ | ३२.१ | ३३.७ | ३५.१ | ३०.५ | २७.२ | २४.२ |
| ३० | २३.२ | | २८.८ | २९.४ | ३४.३ | ३२.३ | ३०.८ | ३३.७ | ३५.१ | ३०.३ | २८.८ | २४.४ |
| ३१ | २७.९ | | ३२.३ | | ३५.३ | | ३४.३ | ३३.४ | | ३०.८ | | २४.२ |
| Month's Max. | २७.९ | २८.७ | ३२.३ | ३६.३ | ३५.३ | ३६.८ | ३५.८ | ३४.८ | ३५.२ | ३८.५ | ३०.८ | ३०.८ |

*श्रोत: जल तथा मौसम विज्ञान विभाग*

## तालिका १६. बागवानी विकास केन्द्र पाँचखालको दैनिक न्यूनतम तापक्रम (डि.से.)

| Days | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ५.२ | ४.२ | ० | १ | २४.७ | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ३ | ११.७ | ० | २.८ | १३.२ | ०.७ | ३.७ | ० | ० |
| ३ | ० | ० | ० | ५.९ | १ | ० | ० | ०.०१ | ० | ११.९ | ० | ० |
| ४ | ० | ० | ० | ० | ३ | ० | ०.०१ | ० | १.५ | ४.५ | ० | ० |
| ५ | ० | ० | ० | २.९ | ४ | ० | १५.७ | ० | ० | ३ | १.८ | ० |
| ६ | ० | ० | ० | ० | ० | ०.०१ | ८.२ | ०.३ | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ०.५ | २२ | ३.१ | ०.०१ | ० | ० |
| ८ | ० | ० | ० | ० | ०.०१ | ० | ० | ४७.५ | २.१ | ० | ० | ० |
| ९ | ० | ० | ०.०१ | ० | ० | ६.५ | २ | ०.४ | ०.४ | ० | ० | ० |
| १० | ० | ० | ०.०१ | ० | ० | ० | ० | ६.६ | ०.७ | ० | ० | ० |
| ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | १.६ | ० | ० | ० |
| १२ | ० | ० | ०.०१ | ० | ० | ३५ | ८.५ | १.५ | १८.२ | ० | ० | ० |
| १३ | ० | ० | ० | ० | ० | १२.७ | २५.३ | २४.९ | १२.३ | ०.०१ | ० | ० |
| १४ | ० | ० | ० | ० | ० | ३०.९ | ३५ | २६.५ | ६.४ | ० | ० | ० |
| १५ | ० | ० | ० | ० | १०.८ | ३७.९ | २ | ०.०१ | ० | ० | ० | ० |
| १६ | ० | ० | ० | ० | ०.७ | १.८ | ० | ० | ० | ० | ० | ० |
| १७ | ० | ० | ० | ० | ७.६ | ०.८ | ३.४ | ४ | ० | २.३ | ० | ० |
| १८ | ० | ० | ८.४ | ८.४ | ५१.३ | ५.४ | ६.५ | ० | ०.३ | ० | ० | ० |
| १९ | ० | ० | ०.१ | ० | ६.१ | १९.१ | १ | १ | ० | ० | ० | ० |
| २० | ० | ० | ०.७ | ० | २.२ | ३ | ०.०१ | ०.५ | १७.५ | ० | ० | ० |
| २१ | ० | ० | १४ | ० | ५६.५ | ० | ०.०१ | १७.७ | ७.९ | ० | ० | ० |
| २२ | ० | ० | ३ | ० | ०.०१ | ० | २.४ | ६.६ | ०.०१ | ० | ० | ० |
| २३ | ० | ० | ० | ० | ० | ० | ५.६ | ८.४ | ०.०१ | ० | ० | ० |
| २४ | ० | ० | ० | १६.३ | ० | ५१.५ | ०.१ | ११.३ | ०.०१ | ० | ० | ० |
| २५ | ० | ० | ० | २ | ० | २.५ | ७ | ५७.७ | ० | ० | ० | ० |
| २६ | ० | ० | ० | ०.३ | १६.६ | ०.५ | २.९ | ८.१ | ० | ० | ० | ० |
| २७ | ० | ३ | ० | ० | १.१ | ०.०१ | ० | १.५ | ० | ० | ० | ० |
| २८ | ० | ० | ० | ० | ९ | ०.५ | २.९ | ०.७ | ० | ० | ० | ० |
| २९ | ० |  | ० | ० | ० | ०.३ | ६.३ | ०.५ | ० | ० | ० | ० |
| ३० | ० |  | ० | ८.६ | ० | ०.०१ | २५.५ | ०.७ | ० | ० | ० | ० |
| ३१ | ० |  | ० |  | ० |  | २.१ | ० |  | ० |  | ० |
| **Month's Min.** | ० | ३ | २६.२३ | ५२.६ | १८५.८२ | २०८.४३ | १६६.७३ | २८६.३२ | ७२.७३ | २५.४२ | १.८ | ० |

*श्रोत: जल तथा मौसम विज्ञान विभाग*

## तालिका १७. बागवानी विकास केन्द्र पाँचखालको २४ घण्टाको कूल वर्षात (मिलिमिटर)

| Days | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ५.२ | ४.२ | ० | १ | २४.७ | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ३ | ११.७ | ० | २.८ | १३.२ | ०.७ | ३.७ | ० | ० |
| ३ | ० | ० | ० | ५.९ | १ | ० | ० | ०.०१ | ० | ११.९ | ० | ० |
| ४ | ० | ० | ० | ० | ३ | ० | ०.०१ | ० | १.५ | ४.५ | ० | ० |
| ५ | ० | ० | ० | २.९ | ४ | ० | १५.७ | ० | ० | ३ | १.८ | ० |
| ६ | ० | ० | ० | ० | ० | ०.०१ | ८.२ | ०.३ | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ०.५ | २२ | ३.१ | ०.०१ | ० | ० |
| ८ | ० | ० | ० | ० | ०.०१ | ० | ० | ४७.५ | २.१ | ० | ० | ० |
| ९ | ० | ० | ०.०१ | ० | ० | ६.५ | २ | ०.४ | ०.४ | ० | ० | ० |
| १० | ० | ० | ०.०१ | ० | ० | ० | ० | ६.६ | ०.७ | ० | ० | ० |
| ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | १.६ | ० | ० | ० |
| १२ | ० | ० | ०.०१ | ० | ० | ३५ | ८.५ | १.५ | १८.२ | ० | ० | ० |
| १३ | ० | ० | ० | ० | ० | १२.७ | २५.३ | २४.९ | १२.३ | ०.०१ | ० | ० |
| १४ | ० | ० | ० | ० | ० | ३०.९ | ३५ | २६.५ | ६.४ | ० | ० | ० |
| १५ | ० | ० | ० | ० | १०.८ | ३७.९ | २ | ०.०१ | ० | ० | ० | ० |
| १६ | ० | ० | ० | ० | ०.७ | १.८ | ० | ० | ० | ० | ० | ० |
| १७ | ० | ० | ० | ० | ७.६ | ०.८ | ३.४ | ४ | ० | २.३ | ० | ० |
| १८ | ० | ० | ८.४ | ८.४ | ५१.३ | ५.४ | ६.५ | ० | ०.३ | ० | ० | ० |
| १९ | ० | ० | ०.१ | ० | ६.१ | १९.१ | १ | १ | ० | ० | ० | ० |
| २० | ० | ० | ०.७ | ० | २.२ | ३ | ०.०१ | ०.५ | १७.५ | ० | ० | ० |
| २१ | ० | ० | १४ | ० | ५६.५ | ० | ०.०१ | १७.७ | ७.९ | ० | ० | ० |
| २२ | ० | ० | ३ | ० | ०.०१ | ० | २.४ | ६.६ | ०.०१ | ० | ० | ० |
| २३ | ० | ० | ० | ० | ० | ० | ५.६ | ८.४ | ०.०१ | ० | ० | ० |
| २४ | ० | ० | ० | १६.३ | ० | ५१.५ | ०.१ | ११.३ | ०.०१ | ० | ० | ० |
| २५ | ० | ० | ० | २ | ० | २.५ | ७ | ५७.७ | ० | ० | ० | ० |
| २६ | ० | ० | ० | ०.३ | १६.६ | ०.५ | २.९ | ८.१ | ० | ० | ० | ० |
| २७ | ० | ३ | ० | ० | १.१ | ०.०१ | ० | १.५ | ० | ० | ० | ० |
| २८ | ० | ० | ० | ० | ९ | ०.५ | २.९ | ०.७ | ० | ० | ० | ० |
| २९ | ० | | ० | ० | ० | ०.३ | ६.३ | ०.५ | ० | ० | ० | ० |
| ३० | ० | | ० | ८.६ | ० | ०.०१ | २५.५ | ०.७ | ० | ० | ० | ० |
| ३१ | ० | | ० | | ० | | २.१ | ० | | ० | | ० |
| **Month's Total** | ० | ३ | २६.२३ | ५२.६ | १८५.८२ | २०८.४३ | १६६.७३ | २८६.३२ | ७२.७३ | २५.४२ | १.८ | ० |

*श्रोत: जल तथा मौसम विज्ञान विभाग*

## तालिका १८. बागवानी विकास केन्द्र पाँचखालको दैनिक सापेक्षिक आद्रता (%)

| Days | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८९.१ | ८८.१ | ७४.४ | ८८.३ | ८९.८ | ५१.१ | ७८.१ | ७५.३ | ८१ | ८१.१ | ९०.४ | ९०.४ |
| २ | ९०.५ | ७५.७ | ७३.७ | ६९.३ | ८१.९ | ४७.१ | ७४.६ | ८२ | ८०.५ | ९०.३ | ८८.२ | ८८.२ |
| ३ | ८७.६ | ८१.९ | ७४.१ | ६४.८ | ७४.२ | ५०.६ | ७८.७ | ७१.५ | ७२.२ | ८९.१ | ८१.४ | ८४.५ |
| ४ | ८३.६ | ७८.९ | ७३.८ | ६३.७ | ८४.५ | ५५.३ | ८०.८ | ७७.९ | ८१.४ | ९२.९ | ८४ | ८४ |
| ५ | ८७.६ | ७० | ६६.७ | ६५.८ | ५८.५ | ६०.३ | ८०.३ | ७६.४ | ८०.६ | ७८ | ७१.१ | ७१.१ |
| ६ | ८८.९ | ७५.८ | ७२.४ | ५२.५ | ५८.७ | ५४.४ | ७३.१ | ८५ | ७८.४ | ७८.९ | ७३.४ | ७३.४ |
| ७ | ८४.२ | ७४.२ | ६१.९ | ५७ | ५८.१ | ५०.४ | ७०.७ | ७६.१ | ७३.४ | ७८.८ | ८८.५ | ८८.५ |
| ८ | ८२.७ | ७५.४ | ८०.८ | ६२.१ | ४६ | ७६.३ | ६८.१ | ८७.१ | ८१.४ | ७८.३ | ८७.९ | ८७.९ |
| ९ | ८३.३ | ७६ | ८६.७ | ४९.२ | ४२.७ | ६५.१ | ७०.६ | ७९.१ | ८६.८ | ७५.७ | ८३.४ | ८३.४ |
| १० | ८०.६ | ८०.७ | ६५.५ | ४९ | ३७.५ | ५९.५ | ७० | ७१.३ | ७५.१ | ७६.२ | ७२.४ | ६६.२ |
| ११ | ८५.४ | ७१.९ | ६५.४ | ५२.४ | ४२.४ | ६२ | ७०.१ | ८२ | ८५.९ | ७४.७ | ७१.४ | ८६ |
| १२ | ८८.६ | ६१.६ | ६२.७ | ५६.४ | ४७.५ | ७०.४ | ७७.९ | ९२.१ | ८४.१ | ८८.५ | ७३.५ | ९०.१ |
| १३ | ८९.३ | ६७.६ | ६५.३ | ४७.१ | ५३.८ | ७३.५ | ८७.२ | ९६.२ | ७९.६ | ८६.७ | ८९.६ | ८९.६ |
| १४ | ८६ | ७४.३ | ६३.८ | ५३.९ | ५७.७ | ८५.६ | ८३.५ | ८६.८ | ८०.५ | ८५.८ | ९१ | ८३.१ |
| १५ | ७९.६ | ६२.८ | ५४.४ | ५८.१ | ६८.५ | ८३.९ | ७३.३ | ७५.९ | ७४.३ | ८९.४ | ८४.९ | ८२.७ |
| १६ | ८७.३ | ६३.९ | ६४.५ | ८३.९ | ८२ | ७८.१ | ७९.८ | ७८.३ | ७१.२ | ७७.९ | ८३.१ | ८५.१ |
| १७ | ८५.८ | ७०.८ | ८४.३ | ४७.२ | ८५.९ | ६१.६ | ७५.४ | ७०.८ | ७४.३ | ७५.२ | ७८.७ | ८३.९ |
| १८ | ८३.७ | ७२.९ | ५७.५ | ४४.७ | ८२.८ | ७९.२ | ८१.३ | ७२.७ | ८०.२ | ९०.१ | ७३.३ | ९१ |
| १९ | ८६.४ | ६७.९ | ७२.८ | ५१.२ | ६१.६ | ७६.५ | ७१.३ | ७०.६ | ७९.६ | ८९.४ | ६४ | ८८.६ |
| २० | ९४.८ | ७२.५ | ८३.४ | ४९.९ | ८१.३ | ६९ | ६४.७ | ६८.१ | ७७.७ | ८०.४ | ८७ | ८८.३ |
| २१ | ९५.६ | ७३.२ | ७६.८ | ४८ | ७१ | ६६.५ | ७६ | ९२.६ | ८०.१ | ९५.३ | ८८.४ | ८९.१ |
| २२ | ८७ | ६८.३ | ६०.२ | ४८.५ | ६२.६ | ७२ | ८१.६ | ८१.६ | ८१.८ | ८७.१ | ८३.२ | ८८.३ |
| २३ | ६३.८ | ७०.३ | ६३.९ | ७१.२ | ७३ | ७३.६ | ८३.७ | ९३.८ | ८२.६ | ८८.२ | ८९ | ८९.७ |
| २४ | ६३.८ | ७६ | ६३.७ | ८६.३ | ६९.६ | ७८ | ७५.४ | ९०.६ | ७८.८ | ७५.६ | ८६.७ | ९०.९ |
| २५ | ८३.५ | ७३.९ | ५८.६ | ७५.५ | ८०.४ | ७१.१ | ८४.४ | ८७.७ | ८२.२ | ८७.४ | ८८.५ | ९५.४ |
| २६ | ७३.५ | ८८.५ | ७० | ६१.१ | ६९.१ | ७४.२ | ७३ | ८८.६ | ७९.९ | ६८.९ | ७५.६ | ९२.२ |
| २७ | ६७.२ | ७६.६ | ५८.२ | ६१.४ | ८४.५ | ७९.२ | ७४.७ | ८६.३ | ७३.७ | ९१.४ | ९० | ८८.७ |
| २८ | ७७.४ | ७५ | ५२.३ | ५७.८ | ६७.८ | ७४.२ | ८४.९ | ७२ | ७८.२ | ८६.१ | ८५ | ८८.२ |
| २९ | ८५.२ | | ५२.५ | ७४.५ | ६७.३ | ७५.१ | ७९.५ | ७५.९ | ७९.३ | ८४.१ | ८४.२ | ८६.३ |
| ३० | ८४.९ | | ५७ | ९०.२ | ६०.४ | ७६.४ | ७१.८ | ७९.४ | ८३.९ | ८७.७ | ९२.७ | ९२ |
| ३१ | ६६.२ | | ७७ | | ६७.८ | | ७९.८ | ८३.८ | | ८७.२ | | ९१.५ |
| Month's Average | ८३.० | ७३.७ | ६७.६ | ६१.४ | ६६.७ | ६८.३ | ७६.६ | ८०.९ | ७९.३ | ८३.८ | ८२.७ | ८६.४ |

*श्रोतः जल तथा मौसम विज्ञान विभाग*

## १०. कर्मचारी विवरण

### १०.१ संगठनात्मक चार्ट



## १०.२ जनशक्ति विवरण २०८०/८१

| क्र.सं. | पद | श्रेणी | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| १. | प्राविधिक- अधिकृतस्तर | नवौं / दशौं | १ | १ | - |
| २. | प्राविधिक- अधिकृतस्तर | सातौ / आठौं | २ | १ | १ |
| ३. | प्राविधिक- सहायकस्तर | पाचौं / छैठौं | २ | २ | |
| ४. | लेखा- सहायक/अधिकृतस्तर | पाचौं / छैठौं | १ | १ | - |
| ५. | प्रशासन- अधिकृतस्तर | पाचौं / छैठौं | १ | - | १ |
| ६. | कार्यालय सहयोगी | श्रेणीविहिन (प्र.) | ८ | ८ | - |
| | | **जम्मा** | **१५** | **१३** | **२** |

## १०.३ आ.ब. २०८०/८१ मा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | कर्मचारी संकेत नं. | शुरु नियुक्ति मिति | हालको पदमा नियुक्ति मिति |
|---|---|---|---|---|---|
| १. | बिष्णु बोगटी | अधिकृतस्तर नवौं (बागवानी) | १९१४२० | २०६६/०३/२८ | २०८०/०३/२४ |
| २. | उमेश सापकोटा | अधिकृतस्तर आठौं (बागवानी) | २३२२०३ | २०७५/०७/१९ | २०७५/०७/१९ |
| ३. | मोहन घिमिरे | अधिकृतस्तर छैठौं (लेखा) | १७८८८८ | २०५७/०७/११ | २०७६/०३/१० |
| ४. | कमला तामाङ | सहायकस्तर पाचौं (बागवानी) | २४८५९६ | २०७८/०७/१७ | २०७८/०७/१७ |
| ५. | भुवन धमला | सहायकस्तर पाचौं (बागवानी) | २०४२५२ | २०७०/९/०३ | २०७०/९/०३ |
| ६. | कृष्ण ब. दनुवार | कार्यालय सहयोगी | - | करारमा कार्यरत | |
| ७. | शंकर भुजेल | कार्यालय सहयोगी | - | करारमा कार्यरत | |
| ८. | प्रदेश चौधरी | कार्यालय सहयोगी | - | करारमा कार्यरत | |
| ९. | गोपाल चौधरी | कार्यालय सहयोगी | - | करारमा कार्यरत | |
| १०. | नानुदेवी मिजार | कार्यालय सहयोगी | - | करारमा कार्यरत | |
| ११. | मनोज परियार | कार्यालय सहयोगी | - | करारमा कार्यरत | |
| १२. | जीवन परियार | कार्यालय सहयोगी | - | करारमा कार्यरत | |
| १३. | बाबुलाल तामाङ | हलुका सवारी चालक | - | करारमा कार्यरत | |

## ११. हालसम्मका कार्यालय प्रमुखहरूको नामावली

